# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) बमोजिम प्रस्तुत गरिएको अर्थ मन्त्रालयसंग सम्बन्धित सार्वजनिक विवरण



नेपाल सरकार
अर्थ मन्त्रालय
२०७२ माघ

# भूमिका

नेपालको संविधान को धारा २७ ले सूचनाको हकलाई नागरिकका मौलिक हकको रूपमा स्थापित गरेको छ। आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि सूचना पाउने नागरिकको उक्त मौलिक हकलाई प्रचलित गर्न सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ कार्यान्वयनमा रहेका छन्। सार्वजनिक महत्वका सूचनामा आम नागरिकको सरल र सहज पहुंच पुर्याई सूचनाको हकको संरक्षण गर्नु तथा राष्ट्र र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्नु सार्वजनिक निकायको दायित्व हो । उल्लिखित दायित्वलाई आत्मसात गर्दै अर्थ मन्त्रालयले सो ऐनको दफा ५(३) तथा नियमावलीको नियम ३ ले सार्वजनिक गर्नुपर्ने भनी किटान गरेका सूचनाहरू हरेक तीन तीन महिनामा सार्वजनिक गर्दै आएको छ । यो विवरणमा आ. व. २०७२/७३ को पुस मसान्त सम्ममा भएका महत्वपूर्ण कार्यहरू, मुलुकको आर्थिक क्रियाकलाप सम्बन्धी विवरणहरू र ऐन तथा नियमावलीले तोकेका अन्य विवरणहरू समावेश गरिएको छ । प्रस्तुत सार्वजनिक विवरणले अर्थ मन्त्रालयबाट सम्पादित काम कारवाहीका सम्बन्धमा सर्बसाधारणमा सूचना प्रवाह हुने तथा सुधारका सम्बन्धमा पृष्टपोषण प्राप्त हुने विश्वास लिएको छु । साथै, सूचनामा सर्वसाधारण नागरिकको हक सुनिश्चित गर्ने अर्थ मन्त्रालयको प्रतिबध्दता पुनः व्यक्त गर्दछु ।

यो विवरण तयार गर्न सहयोग पुर्याउने सबै कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु।

२०७२ माघ ।

लोकदर्शन रेग्मी
सचिव

# विषय सूची


| सि.नं. | विषय | पेज नं. |
|---|---|---|
| १. | अर्थ मन्त्रालय | ४ |
| २. | संगठनात्मक स्वरुप | ७ |
| ३. | कर्मचारी दरबन्दी र पदपूर्तिको अवस्था | ८ |
| ४. | कार्य क्षेत्र | ११ |
| ५. | अर्थ मन्त्रालयले गर्ने कार्य र सेवा | १२ |
| ६. | सचिवालय, महाशाखा, जिम्मेवार अधिकारी र सम्पर्क टेलिफोन नम्बर | १२ |
| ७. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | १२ |
| ८. | निर्णय गर्ने प्रक्रिया र अधिकारी | १४ |
| ९. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | १४ |
| १०. | सम्पादन गरेको मुख्य मुख्य कामको विवरण | १४ |
| ११ | निकायगत उपलब्धिहरू | २० |
| १२. | सूचना अधिकारी र प्रमुखको नाम तथा सर्म्पर्क टेलिफोन नम्बर | २७ |
| १३. | ऐन, नियम र निर्देशिकाको सूची | २७ |
| १४ | आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी विवरण | २८ |
| १५. | अन्य विवरण | ३६ |

## १. अर्थ मन्त्रालयः

### (क) पृष्ठभूमिः

समष्टिगत आर्थिक नीतिहरुको तर्जुमा र कार्यान्वयनको माध्यमबाट मुलुकको आर्थिक विकासमा अर्थ मन्त्रालयको नेतृत्वदायी भूमिका रहेको छ । मुलुकको आर्थिक,वित्तीय तथा मौद्रिक क्षेत्रसंग सम्वन्धीत सम्पूर्ण नीति तर्जुमा कार्यान्वयन तथा अनुगमन र व्यवस्थापन गर्ने दायित्व अर्थ मन्त्रालयमा रहेको छ। नेपाल सरकारको वार्षिक बजेट तर्जुमा सार्वजनिक खर्च व्यवस्थापन, वित्तीय व्यवस्थापन, आन्तरिक राजस्व व्यवस्थापन तथा स्रोत परिचालन, समष्टिगत आर्थिक स्थायित्व र आर्थिक विकास, वैदेशिक सहायता परिचालन तथा व्यवस्थापन, विदेशी विनिमय निकाय तथा नियमन, राजस्व चुहावट नियन्त्रण, सम्पति शुद्धिकरण अनुसन्धान आदि मन्त्रालयको कार्यक्षेत्र भित्र पर्दछ । त्यसैगरी सामान्य मूल्य नीति, सार्वजनिक ऋण व्यवस्थापन, सार्वजनिक संस्थान व्यवस्थापन तथा आर्थिक प्रशासनको जिम्मेवारी पनि यही मन्त्रालयको हो । वित्तीय नीति मार्फत अर्थ मन्त्रालयले मुलुकको सम्पूर्ण आर्थिक क्षेत्रलाई गतिशील बनाउँदछ ।

### (ख) दृष्टिकोणः

सबल वित्तीय र आर्थिक व्यवस्थापनको माध्यमबाट दिगो, फराकिलो तथा उच्च दरको आर्थिक वृद्धि हासिल गरी समग्र अर्थतन्त्रको क्षमता अभिवृद्धि गर्ने।

### (ग) ध्येयः

आन्तरिक राजस्वको आधारलाई सुदृढ गर्दै उपलव्ध वित्तीय स्रोतको प्रभावकारी र समुचित उपयोगबाट समष्टिगत आर्थिक स्थायित्व कायम गर्नमा सहयोग पुर्‍याउने।

### (घ) रणनीतिः

#### (१) समष्टिगत लक्ष्यः

मुलुकमा उपयुक्त आर्थिक नीति तर्जुमा गर्न योगदान गर्ने र आर्थिक नीति व्यवस्थापनको कार्य गर्ने।

(२) **कार्यरनीतिक लक्ष्यहरुः**

- राजस्व प्रणालीलाई सरल बनाउने, करका आधार फराकिलो गर्ने र उपयुक्त करका दरहरु तोक्ने।
- कर प्रशासनको दक्षता र प्रभावकारीतामा सुधार गर्ने।
- प्राथमिकता प्राप्त क्षेत्रहरुको लागि बढी दक्ष, प्रभावकारी र न्यायोचित रुपमा साधनको बाँडफाँड गर्ने नीति अवलम्वन गर्ने।
- वित्तीय संस्था र वित्तीय उपकरणहरुको माध्यमबाट उत्पादन र बजारको सुदृढीकरण गर्दै सक्षम वित्तीय प्रणालीको विकास गर्ने।
- सरकारी स्वामित्वका संस्थानहरुलाई कुशल बनाउनका लागि निजीकरण नीतिका साथै आवश्यक अन्य नीतिहरु अवलम्वन गर्ने।
- पारदर्शी र उत्तरदायी आर्थिक तथा वित्तीय सूचना प्रणाली अवलम्वन गर्ने।
- सार्वजनिक क्षेत्रका कर्मचारीहरुको लागि प्रभावकारी र उचित प्रोत्साहन प्रणाली अवलम्वन गर्ने।
- प्रभावकारी सार्वजनिक खर्च नीतिहरुको तर्जुमा र कार्यान्वयन गर्ने।
- वैदेशिक सहायताबाट प्राप्त स्रोतहरुको व्यवस्थापनको लागि प्रभावकारी अनुगमन र मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्ने।
- सार्वजनिक र निजी क्षेत्रवीच विश्वासको वातावरण कायम गर्दै समग्र आर्थिक विकासमा निजी क्षेत्रको संलग्नताको लागि अनुकूल वातावरणको सृजनामा सहयोग गर्ने।

(ङ) **रणनीतिक उद्देश्यहरुः**

- आर्थिक व्यवस्थापन सुधार कार्यमा योगदान दिने।
- प्राथमिक स्वास्थ्य सेवा, प्राथमिक शिक्षा र ग्रामीण पूर्वाधार विकास जस्ता सामाजिक–आर्थिक पूर्वाधार र बढी मात्रामा गरिबी निवारणोन्मुख क्षेत्र अनुकूल हुने गरी सार्वजनिक खर्चको प्राथमिकीकरण गर्ने।
- बढी भन्दा बढी राजस्व वृद्धि हुने उपाय अपनाउने।

- प्रभावकारी र दक्ष सेवाको प्रत्याभूतिको लागि बजेट सहयोग उपलव्ध गराउने।
- मागमा आधारित वैदेशिक सहयोग परिचालन गर्ने र वैदेशिक सहयोगको प्रभावकारीतामा सुधार गर्ने।
- सार्वजनिक संस्थानहरुमा प्रभावकारी वित्तीय व्यवस्थापन अभ्यासहरुको प्रत्याभूति गर्ने र तिनीहरुले प्रदान गर्ने सेवाहरुमा सुधारगर्ने।
- विभिन्न मन्त्रालय, विभाग र निकायहरुको लागि भएको बजेट विनियोजन र तिनीहरुले प्रदान गर्ने सेवा प्रवाह प्रणाली वीचमा प्रभावकारी सम्वन्ध स्थापित गर्ने।

## २.संगठनात्मक स्वरुपः



## ३ कर्मचारी दरबन्दी र पदपूर्तिको अवस्था

| सि.नं. | पद | श्रेणी | सेवा | समूह | उपसमूह | मौजुदा दरवन्दी | पदपूर्तिको अवस्था | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | पुर्ति | रिक्त | |
| १ | सचिव | विशिष्ट | प्रशासन | - | - | १ | १ | ० | |
| २ | सचिव (राजस्व) | विशिष्ट | प्रशासन | - | - | १ | १ | ० | |
| ३ | सह सचिव | रा.प.प्रथम | प्रशासन | सा.प्र. | - | ८ | ८ | ० | |
| ४ | सह सचिव | रा.प.प्रथम | न्याय | कानून | | १ | १ | ० | |
| ५ | उप सचिव | रा.प.द्वितीय | प्रशासन | राजस्व | - | ३२ | ३२ | ० | |
| ६ | उप सचिव | रा.प.द्वितीय | प्रशासन | सा.प्र. | - | १ | १ | ० | |
| ७ | उप सचिव | रा.प.द्वितीय | प्रशासन | लेखा | - | ४ | ४ | ० | |
| ८ | उप सचिव | रा.प.द्वितीय | न्याय | कानून | - | १ | १ | ० | |
| ९ | कम्प्युटर निर्देशक | रा.प.द्वितीय | विविध | - | - | १ | १ | ० | |
| १० | वरिष्ठ तथ्याङ्कशास्त्री | रा.प.द्वितीय | रा.यो.त. | तथ्याङ्क | - | १ | १ | ० | |
| ११ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | राजस्व | - | ४० | ४० | ० | |
| १२ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्र. | - | ४ | ४ | ० | |
| १३ | शाखा अधिकृत | रा.प.तृतीय | न्याय | कानून | - | १ | १ | ० | |
| १४ | तथ्याङ्क अधिकृत | रा.प.तृतीय | विविध | तथ्याङ्क | - | १ | १ | ० | |
| १५ | कम्प्युटर ईन्जिनियर | रा.प.तृतीय | विविध | | - | ३ | ३ | ० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १६ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | - | १ | १ | ० | |
| १७ | अर्थशास्त्री | रा.प.तृतीय | विविध | - | - | १ | १ | ० | |
| १८ | कम्प्यूटर अधिकृत | रा.प.तृतीय | विविध | | | ११ | ११ | ० | |
| १९ | पुस्तकालय अधिकृत | रा.प.तृतीय | शिक्षा | पु.विज्ञान | - | १ | १ | ० | |
| २० | नायव सुव्वा | रा.प.अ.प्रथम | प्रशासन | राजस्व | - | ४० | ४० | ० | |
| २१ | नायव सुव्वा | रा.प.अ.प्रथम | प्रशासन | सा.प्रं | - | ३ | ३ | ० | |
| २२ | लेखापाल | रा.प.अ.प्रथम | प्रशासन | लेखा | - | ५ | ५ | ० | |
| २३ | कम्प्युटर अपरेटर | रा.प.अ.प्रथम | विविध | - | - | ३ | ३ | | |
| २४ | कार्टोग्राफर | रा.प.अ.प्रथम | विविध | - | - | १ | १ | ० | |
| २५ | सि. प्लम्वर | रा.प.अ.प्रथम | इन्जि. | सेनेटरी | - | १ | १ | ० | |
| २६ | सि. अफसेट प्रेसम्यान | रा.प.अ.प्रथम | शिक्षा | मुद्रण | - | १ | १ | ० | |
| २७ | खरिदार | रा.प.अ.द्वितीय | प्रशासन | राजस्व | - | ११ | ११ | ० | |
| २८ | सह लेखापाल | रा.प.अ.द्वितीय | प्रशासन | लेखा | - | ३ | ३ | ० | |
| २९ | ईलेक्ट्रीसियन | रा.प.अ.द्वितीय | इन्जि | ईले. | - | १ | १ | ० | |
| ३० | टेलिफोन अपरेटर | रा.प.अ.द्वितीय | विविध | | - | १ | १ | ० | |
| ३१ | टाइपिष्ट | वेग अनुसार | प्रशासन | | - | ६ | ६ | ० | |
| ३२ | हेडगार्ड | रा.प.अ.द्वितीय | प्रशासन | | - | १ | १ | ० | |
| ३३ | सिनियर अफसेट प्रेस म्यान | रा.प.अ.द्वितीय | शिक्षा | मुद्रण | - | १ | १ | ० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३४ | लिथो सहायक | रा.प.अ.तृ. | विविध | | - | १ | १ | ० | |
| ३५ | हलुका सवारी चालक | विहिन | प्रा. | | - | १४ | १४ | ० | |
| ३६ | कार्यालय सहयोगी | विहिन | प्रशासन | | - | २५ | २५ | ० | |
| ३७ | माली | विहिन | प्रशासन | | - | २ | २ | ० | |
| ३८ | गार्ड | विहिन | प्रशासन | | - | ३ | ३ | ० | |
| | **जम्मा** | | | | | **२३७** | **२३७** | **०** | |

## ४ कार्य क्षेत्रः

नेपाल सरकार(कार्यविभाजन) नियमावली, २०६९ ले अर्थ मन्त्रालय र अर्न्तर्गतका निकायहरुको कार्य सम्पादनका लागि निर्दिष्ट गरेका कार्यक्षेत्रहरु निम्न बमोजिम रहेका छन्ः

१. आर्थिक तथा राजस्व नीति, आर्थिक प्रशासन र नियन्त्रण सम्बन्धी योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

२. आर्थिक विश्लेषण,

३. आर्थिक साधनको बाँडफाँड,

४. मुद्रा, मौद्रिक नीति निर्धारण र कार्यान्वयन,

५. नेपाल राष्ट्र बैंक, बैंकिङ्ग (नेपाल औद्योगिक विकास निगम समेत), वित्तीय संस्था तथा वीमा,

६. आय र व्यको विवरण (बजेट),

७. राजस्व नीति र योजना,

८. राजस्व प्रशासन तथा राजस्व संकलन,

९. राजस्व अनुसन्धान,

१०. सामान्य मूल्य नीति,

११. सामाजिक तथा आर्थिक विकासको लागि अन्तर्राष्ट्रिय सर्म्पर्क र समन्वय,

१२. आर्थिक, बैंकिङ्ग तथा मुद्रा विषयक अन्तर्राष्ट्रिय सर्म्पर्क समन्वय,

१३. वैदेशिक ऋण, अनुदान तथा अन्य द्विपक्षीय र बहुपक्षीय सहायता,

१४. विदेशी मुद्रा विनिमय तथा नियन्त्रण,

१५. सार्वजनिक ऋण तथा नियन्त्रण,

१६. तलब, भत्ता, दैनिक तथा भ्रमण भत्ता, निवृत्तभरण, उपदान लगायत आर्थिक दायित्व र सेवा सुविधा सम्बन्धी विषय,

१७. सरकारी स्वामित्वमा रहेका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, वोनस, लागनी र लाभांश सम्बन्धी नीति निर्धारण,

१८. विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, एशियाली विकास बैंक, अन्तर्राष्ट्रिय विकास संस्था तथा अन्य अन्तर्राष्ट्रिय वित्तीय संस्था,

१९. सरकारी कोषको व्यवस्थापन, सञ्चालन तथा प्रशासन,

२०. लेखा नियन्त्रण तथा व्यवस्थापन,

२१. सार्वजनिक प्रतिष्ठानको निजीकरण, अनुगमन र नियमन,

२२. सार्वजनिक संस्थान प्रशासन, नीति निर्माण र समन्वय,

२३. राजस्व आर्थिक प्रशासन तालिम,

२४. पूँजी बजार,

२५. सार्वजनिक लगानी,

२६. महालेखा परीक्षकको कार्यालय,

२७. कर्मचारी सञ्चय कोष,

२८. नागरिक लगानी कोष,

२९. सार्वजनिक संस्थान निर्देशन बोर्ड,

३०. सम्पत्ति शुद्धीकरण,

३१. युवा स्वरोजगार सम्बन्धी,

३२. अवकाश कोष,

३३. नेपाल लेखा परीक्षण सेवाको सञ्चालन।

## ५ अर्थ मन्त्रालयले गर्ने कार्य र सेवाः

(क) माथि बुंदा नं. (६) मा उल्लिखित कार्य क्षेत्र अन्तरगतका नीतिगत कार्यहरु र

(ख) मन्त्रालयको दैनिक प्रशासन सञ्चालन सम्बन्धी कार्यहरु।

## ६ सचिवालय, महाशाखा, जिम्मेवार अधिकारी र सम्पूर्ण टेलिफोन नम्वरः

| सि.नं. | सचिवालय/महाशाखा | जिम्मेवार अधिकारी | फोन नं. |
|---|---|---|---|
| १. | माननीय अर्थमन्त्री | श्री विष्णु प्रसाद पौडेल | ४२११३९० |
| २. | माननीय अर्थराज्यमन्त्री | श्री दामोदर भण्डारी | ४२११८५४ |
| ३. | सचिव | श्री लोकदर्शन रेग्मी | ४२११३३२ |
| ४. | सचिव (राजस्व) | श्री राजन खनाल | ४२११७७० |
| ५. | बजेट तथा कार्यक्रम महाशाखा | सहसचिव श्री रामशरण पुडासैनी | ४२११४०१ |
| ६. | अन्तराष्ट्रिय आर्थिक सहयोग समन्वय महाशाखा | सहसचिव श्री वैकुण्ठ अर्याल | ४२११३७१ |
| ७. | राजस्व व्यवस्थापन महाशाखा | सहसचिव श्री लक्ष्मण अर्याल | ४२११३१५ |
| ८. | आर्थिक नीति विश्लेषण महाशाखा | सहसचिव श्री कृष्णप्रसाद देवकोटा | ४२११३२६ |
| ९. | संस्थान समन्वय महाशाखा | सहसचिव श्री आनन्द राज ढकाल | ४२११३७७ |
| १०. | कानून तथा परामर्श महाशाखा | सहसचिव श्री चिरञ्जीवी खनाल | ४२११८१३ |
| ११. | वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा | सहसचिव श्री सूर्य प्रसाद आचार्य | ४२११३०६ |
| १२. | अनुगमन तथा मूल्याङ्कन महाशाखा | सहसचिव श्री मुकुन्दप्रसाद पौड्याल | ४२००४१८ |
| १३. | प्रशासन महाशाखा | सहसचिव श्री कृष्णप्रसाद देवकोटा | ४२११३०० |

## ७ सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

**(क) सूचना दिंदा लिनुपर्ने शुल्क**

- सूचना मागको निवेदन दिंदा कुनै शुल्क वा दस्तुर लाग्दैन।

  सामान्य आकारको (आठ दशमल बतीस इन्च चौडाइ र एघार दशमलब सात इन्च लम्बाइ सम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठ सम्मको सूचना निःशुल्क उपलव्ध गराइनेछ ।

- दश पृष्ठ भन्दा धेरै सूचना दिँदा निम्न अनुसार शुल्क लिइनेछ ।

  सामान्य आकारको (आठ दशमलब तीन इन्च चौडाइ र एघार दशमलब सात इन्च लम्बाइसम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठभन्दा बढी सूचनाको लागि प्रति पृष्ठ पाँच रूपैंयाँ लाग्नेछ।

  माथि उल्लेख भए भन्दा ठूलो आकारको कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रति पृष्ठ दश रूपैयाँ लाग्नेछ। सुरुका दश पेज निःशुल्क दिनुपर्ने वाध्यता यसमा रहने छैन ।

  डिस्केट, सीडी र अन्य यस्तै प्रकारका डिजिटल माध्यम र प्रविधिद्वारा प्रदान गरिने सूचनाको लागि प्रति डिस्केट, सीडी वापत पचास रूपैयाँ लाग्नेछ ।

- कुनै सूचना तयार गर्दा माथि लेखिए भन्दा बढी खर्च लाग्ने भएमा वास्तविक लागतको आधारमा दस्तुर लिइनेछ।

  प्रचलित कानुनमा सूचना माग गर्दा लाग्ने दस्तुरको सम्बन्धमा छुट्टै व्यवस्था भएकोमा भने सोही बमोजिम दस्तुर लाग्नेछ ।

  मूल्य राखी विक्री वितरण गर्ने मुद्रित वा कुनै पनि माध्यमको सूचना सामग्रीको दस्तुर त्यसमा अंकित वा निर्धारित मूल्यब मोजिम नै हुनेछ।

  तर अर्थ मन्त्रालयको उद्देश्य र कामको प्रर्वद्धनका लागि वितरण गरिने सूचना-सामग्रीको शुल्क लाग्ने छैन ।

**(ख) सूचना उपलब्ध गराए बापत शुल्क लिने तरिका**

(१) नगद लिएर राजस्व खातामा जम्मा गर्न सकिन्छ।

(२) कुनै बैंकमा जम्मा गर्न लगाई सो को भौचर पेश गर्न लगाउन सकिन्छ।

(३) सो रकम बराबरको हुलाक टिकट निवदेनमा टाँस्न लगाउन पनि सकिन्छ।

**(ग) सेवा प्राप्त गर्न लाग्ने अवधि**

(१) सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधि भित्र, निवेदन प्राप्त भएपछि सूचना अधिकारीले तत्काल उपलव्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलव्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई उपलव्ध हुनेछ । कुनै व्यक्तिको जीउ ज्यानको सुरक्षासंग सम्बन्धित सूचना माग गरेको पाइएमा २४ घण्टाभित्र उपलव्ध गराइने छ।

(२) अन्य विशेष ऐन नियमले अवधि तोकेकोमा सोही बमोजिम ।

## ८ निर्णय गर्ने प्रक्रिया र अधिकारीः

**(क) निर्णय प्रक्रिया सम्बन्धमाः**

(१) मन्त्रालयले उपलव्ध गराउने सेवा सम्बन्धमाः

- सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ बमोजिम ।

(२) सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमाः

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम ।

**(ख)निर्णय गर्ने अधिकारी सम्बन्धमाः**

(१) मन्त्रालयले सम्पादन गर्ने नीतिगत एवं अन्य कार्यहरु सम्बन्धमाः

- मन्त्रिपरिषदमा प्रस्ताव पठाएर
- माननीय अर्थ मन्त्रीस्तरबाट
- अर्थ सचिवस्तरबाट
  - ➢ माननीय अर्थ मन्त्रीबाट प्रत्यायोजित अधिकार बमोजिम
  - ➢ सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ बमोजिम प्राप्त अधिकार बमोजिम, र
  - ➢ अन्य विशेष ऐन, नियमले सचिवले गर्ने भनी तोकिएका कामहरु ।
- सचिवले प्रत्यायोजन गरेको अधिकार वमोजिम तोकिएको कर्मचारीले ।

(२) सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गर्ने सूचना सम्बन्धमा

- अर्थ सचिवले ।

## ९ निर्णय उपर उजुरी सुन्ने अधिकारीः

**(क) अर्थ मन्त्रालयले उपलव्ध गराउने सेवा सम्बन्धमाः-**

- प्रचलित ऐन कानूनमा तोकिएको व्यवस्था बमोजिम

**(ख) सूचनाको हक सम्बन्धी ऐन, २०६४ वमोजिम परेको उजुरी सम्बन्धमाः-**

- राष्ट्रिय सूचना आयोग

## १०. सम्पादन गरेका मुख्य मुख्य कामको विवरणः

### १ राजस्व परिचालनः

आर्थिक वर्ष २०७२/७३ को लागि राजस्वको कूल लक्ष्य रु ४७५ अर्ब ०१ करोड प्रक्षेपण गरिएको मध्ये २०७२ पौष महिनासम्मको लक्ष्य २१६ अर्ब ५९ करोड भएकोमा रु १६४ अर्ब ३३ करोड संकलन भई लक्ष्यको तुलनामा करीव ७६ प्रतिशतमात्र प्रगति भएको छ ।आर्थिक वर्ष २०७१/७२ को पौष सम्ममा रु १८५ अर्व ४८ करोड राजस्व संकलन गर्ने लक्ष रहेकोमा रु १९० अर्ब ५२ करोड संकलन भई लक्षको तुलनामा १०२.७२ प्रतिशतले प्रगति भएको थियो ।

चालु वर्ष को पौष मसान्तसम्म राजस्व संकलनमा लक्षभन्दा करीव ५२ अर्ब कमी आएको छ।यो कमीका कारण प्रक्षेपित खर्चका लागि स्रोतको अभाव हुन नदिन वैकल्पिक स्रोत परिचालनका उपायहरु अवलम्बन गरिएको छ।यसैमध्ये वेदेशिक सहायतातर्फ लामो समय सम्म सोधभर्ना हुन बाँकी रहेको रकममध्येबाट पौष मसान्तसम्म २३ अर्ब ५१ करोड सोधभर्ना प्राप्त गरिएको छ।

**२ बैदेशिक सहायताको प्रतिवध्दताः**

चालु आर्थिक वर्षको श्रावण देखि पौष महिनासम्म १३ वटा विकास आयोजना कार्यान्वयनको लागि रू.१ खर्व १९ अर्व ५५ करोड ६१ लाख बराबरको वैदेशिक सहायता प्राप्त भएको छ । यस मध्ये रू.१४ अर्व ६५ करोड ९१ लाख (१२.२६%) अनुदान र रू. १ खर्व ४ अर्व ८९ करोड ७० लाख (८७.७४%) बराबरको सहुलियत ऋण सहायता रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधीमा १६ वटा विकास आयोजना कार्यान्वयनको लागि वैदेशिक सहायताको प्रतिवद्धता रू.१ खर्व २८ अर्व ७ करोड १८ लाख रहेको थियो ।

त्यसैगरि चालु आर्थिक वर्षको श्रावण देखि पौष महिनासम्ममा वैदेशिक अनुदान तर्फ रू.२ अर्व ९२ करोड २४ लाख र वैदेशिक ऋण तर्फ रू.५ अर्व ९२ करोड ८१ लाख गरी जम्मा रू. ८ अर्व ८५ करोड ५ लाख खर्च भएको देखिन्छ । गत आर्थिक वर्षको सोही अवधीमा अनुदान तर्फ रू. ६ अर्व १७ करोड १२ लाख र ऋण तर्फ रू. २ अर्व ४१ करोड ४७ लाख गरी जम्मा रू.८ अर्व ५९ करोड १० लाख मात्र खर्च भएको थियो ।

नेपालको पुनर्निमाणको लागि अन्तर्राष्ट्रिय सहयोग सम्मेलनको समयमा बिभिन्न बिकास साझेदारहरूबाट आश्वासन प्राप्त भएको कुल ४०२ अर्ब अमेरिकी डलर (करिब ४ खर्ब नेपाली रूपैया) सहयोग मध्ये २०७२ पुस मसान्तसम्म ८५६ करोड अमेरिकी डलर (करिब ८५ अर्ब ६० करोड नेपाली रूपैया) को सहायता बराबरको सम्झौता भई बिकास साझेदारको प्रतिवद्धता प्राप्त भैसकेको र बाकी सहायता प्रतिबद्धताको लागी सम्बन्धीत बिकास साझेदारहरूसंग छलफल भइरहेको छ ।

**३ सार्ृवजनिक खर्चको अवस्था :-**

२०७२ पुस मसान्त सम्ममा चालू तर्फ रु. १२६ अर्व, पूंजीगत खर्च तर्फ रु १३ अर्व ६३ करोड र बित्तीय व्यवस्था तर्फ रु.१९ अर्ब ७६करोड समेत जम्मा रु. १५९ अर्ब ४० करोड खर्च भएको छ । २०७२पौष मसान्तमा नेपाल सरकारको संचित कोषमा रु.४८ अर्व ०८ करोड बचत रहेको छ। गत वर्षको फ्रिज रकम रु ३३ करोड ८१ लाख जोड्दा कुल बचत रु ८१ अर्ब ८९ करोड पुगेको छ । गत वर्ष यो अवधिमा रु. ७२ अर्ब १५ करोड बचत रहेको थियो।

**४ बजेट कार्यान्वय र अनुगमनः**

आर्थिक वर्ष ०७२/७३ को लागि रु. ८१९ अर्ब ४६ करोड ८८ लाखको बजेट व्यवस्थापिका-संसदबाट अनुमोदन भै कार्यान्वयनमा आएको छ।। अर्थ मन्त्रालयबाट बिभिन्न मन्त्रालयहरुलाई दिएको थप निकासा तथा रकमान्तरको विवरण मन्त्रालयको वेभसाइटमा प्रकाशन गर्ने गरिएको छ।२०७२ पौष महिनासम्मको विवरण सार्वजनिक भैसकेको छ।चालु आ.व.को बजेटको मध्यावधि मूल्यांकन गर्ने कार्य भैरहेको छ।

## ५ राजस्व प्रणाली सुधार:

कर प्रणाली सुधारका लागि सुझाव पेश गर्न गठित उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग २०७१ बाट नेपाल सरकार समक्ष अन्तिम प्रतिवेदन प्राप्त भएको छ । आ.व. २०७२/०७३ को राजस्व नीति तथा कार्यक्रमको घोषणा भई कार्यान्वयन भइरहेको छ।नेपाल सरकारको मिति २०७१/१०/२२ को निर्णयानुसार गठित कर फछ्र्यौट आयोग २०७१ को कार्यावधि २०७२ असोज मसान्तसम्म थप भएकोमा आयोगले तोकिएको कार्यादेश अनुसार काम गरी प्रतिवेदन पेश गरेको छ ।

## ६ मूल्य स्थिति:

२०७२ मंसिर महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ११.६ प्रतिशत रहेको छ । अघिल्लो वर्ष सोही अवधिमा त्यस्तो मुद्रास्फिति ७ प्रतिशत थियो ।बार्षिक विन्दूगत आधारमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क वृद्धिदर १४.८ प्रतिशत रहेको छ भने गैर-खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क वृद्धिदर ९.१ प्रतिशत रहेको छ । आ. व. ०७२/७३ को बार्षिक औसत मुद्रास्फीति ८.० प्रतिशतमा सीमित राख्ने लक्ष राखिएकोमा यसमा बृद्धि हुन गएको छ।

## ७ वैदेशिक व्यापार:

**चालू** आ.ब. को मंसिर महिनासम्ममा आयात रु. २१३ अर्ब ८३ करोड भएको छ भने निर्यात २६ अर्ब १७ करोडमा सीमित भएको छ । यसरी वालु आ.व.को पाँच महिनामा व्यापार घाटा १८७ अर्ब ६६ करोड पुगेको छ ।

## ८. विदेशी मुद्रा संचिति:

२०७२ असार मसान्त सम्मको रु ८२४ अर्ब ६ करोड विदेशी मुद्राको संचितीको तुलनामा २०७२ मंसिर मसान्तमा १९.६ प्रतिशतले वृद्धि भई ९८५ अर्व ५२ करोड पुगेको छ । उक्त विदेशी मुद्राको संचितीले २३.४ महिनाको बस्तु आयात र १८.७ महिनाको बस्तु तथा सेवा आयात धान्ने अबस्था रहेको छ ।

## ९. धितोपत्र बजार:

२०७२ पुस मसान्तमा नेप्से परिसुचक ११९१ विन्दूमा रहेको छ ।२०७१ पुस मसान्तमा नेप्से परिसुचक ९१६.७ विन्दूमा रहेको थियो ।

**१०. प्रधानमन्त्री तथा दैवी प्रकोप उद्धार कोषमा रकम निकासाः-**

अर्थ मन्त्रालयबाट २०७२ पौष सम्ममा प्रधानमन्त्री तथा दैवी प्रकोप उद्धार कोषमा रू.९ अर्ब ५० करोड निकासा भएको छ ।

**११ गुनासो सुनुवाई कक्षको व्यवस्थापनः**

अर्थ मन्त्रालय र मातहतका निकायहरुबाट भईरहेका काम तथा गतिविधिका सम्बन्धमा सेवाग्राहीको गुनासो ग्रहण र व्यवस्थापन गर्ने उद्देश्यले अनुगमन तथा मूल्यांकन महाशाखा अन्तर्गत विगुल नामको गुनासो व्यवस्थापन कक्षको स्थापना गरीएको छ । जसमा ११११८ नम्बरको टोल फ्री नम्बर, ०१-४२००४१८ नम्बरको साधारण टेलिफोन, इमेल bigool@mof.gov.np, ०१-४२००४६८ नम्बरको फ्याक्स, कार्यालय बाहेकको समयमा स्वत रेकर्ड गर्न मिल्ने भ्वाइस मेल सिस्टम तथा हुलाक मार्फत पत्राचार गरी २४सै घण्टा र आफै उपस्थित भई व्यहोरा टिपाएर समेत सेवा लिन सकिने व्यवस्था गरीएको छ । साथै गुनासोकर्ताले आफ्नो नाम, ठेगाना सार्वजनिकगर्न चाहेको अवस्थामा बाहेक निजको व्यक्तिगत विवरण गोप्य राखिने व्यवस्था गरिएको छ । २०७२ पुस मसान्तसम्म यस कक्षमा जम्मा १३२ वटा गुनासो/उजुरी प्राप्त भएको र शत प्रतिशत फछ्यौंट भएको अवस्था छ।

## **१०.१२** आ.व. २०७२/७३ पुस महिनासम्मको राजस्व असूली विवरण

| सि. नं | कर शीर्षक | वार्षिक लक्ष्य | २०७१।७२को असुली | | २०७२।७३ पौषको | | २०७२।७३ पौष सम्मको | | तुलनात्मक असुली प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पौषको | पौष सम्मको | लक्ष्य | असुली | लक्ष्य | असुली | वार्षिक लक्ष्य को | पौष महिना को | पौष महिना सम्मको | गत आ व को यसै अवधिसम्मको |
| १. | **भन्सार महशुल** | ८३२९१७८७ | **५९५३०७८** | **३६३२०९९५** | **६६६३३४३** | **६६८९५३०** | **३८३१४२२४** | **२७५२१३६४** | ३३ | १०० | ७२ | (२४ |
| | पैठारी | ७८५८२५१६ | ५४८५११४ | ३४२२०८०६ | ६२८६६०१ | ६३२२७१३ | ३६१४७९५६ | २५९४९३८४ | ३३ | १०१ | ७२ | (२४ |
| | निकासी | ८४६२८३ | ४७२९९ | १८५९०३ | ६७७०३ | १०५५२ | ३८९२९२ | १२१७१० | १४ | १६ | ३१ | (३५ |
| | भन्सारको अन्य आय | ५२१५६५ | ४१५५८ | २०२७८८ | ४१७२५ | २३७९८ | २३९९२० | १११०१६ | २१ | ५७ | ४६ | (४५ |
| | कृषि सुधार शुल्क | ३३४१४२३ | ३७९१०७ | १७११४९८ | २६७३१४ | ३३२४६७ | १५३७०५६ | १३३९२५४ | ४० | १२४ | ८७ | (२२ |
| २. | **मूल्य अभिबृद्धि कर** | **१४०८९१६५३** | **९१६२६८३** | **५५६६८८४४** | **११२०७२८२** | **१३०८६२७४** | **६५८८१३५३** | **४८५३०८३४** | ३४ | ११७ | ७४ | (१३ |
| | उत्पादन, बिक्री सेवा | ४८१८०१४२ | ३१२९८०२ | १८९२०४२४ | ३७९०३६१ | ५६०२६७४ | २३२३४०५७ | २२९४४९५७ | ४८ | १४८ | ९९ | २१ |
| | पैठारी | ९२७११५११ | ६०३२८८१ | ३६७४८४२० | ७४१६९२१ | ७४८३६०० | ४२६४७२९६ | २५५८५८७७ | २८ | १०१ | ६० | (३० |
| ३. | **अन्तशुल्क** | **६५८११९७८** | **३८८९७२७** | **२५०९८९०२** | **५४००२५६** | **५८३४६२६** | **३०२११३०४** | **२२१२२३४३** | ३४ | १०८ | ७३ | (१२ |
| | आन्तरिक उत्पादन | ३५९४५७९२ | २४६९६०७ | १३५१३०४५ | ३०१०९६१ | ३३०१८९८ | १६४७२८५८ | १३१७३८९२ | ३७ | ११० | ८० | (३ |
| | पैठारी | २९८६६१८६ | १४२०१२० | ११५८५८५७ | २३८९२९५ | २५३२७२८ | १३७३८४४६ | ८९४८४५१ | ३० | १०६ | ६५ | (२३ |
| ४ | **स्वास्थ्य सेवा कर** | **८२८७७४** | **२७३३६** | **३४३१६१** | **३९७११** | **६८५३५** | **५०५८८७** | **४०२९८४** | ४९ | १७३ | ८० | १७ |
| ५ | **शिक्षा सेवा शुल्क** | **६४६८४८** | **५५२१५** | **२६६६२८** | **७४९८२** | **८३५११** | **३६७९०७** | **२९४५४५** | ४६ | १११ | ८० | १० |
| ६ | **आयकर** | **१०९०७४७४४** | **१९८६१८२८** | **३९१४७४७३** | **२४३१२१२४** | **२२८८७९१२** | **४८०१६५८१** | **४२१४१८९९** | ३९ | ९४ | ८८ | ८ |
| | आयकर | ९७६७०९३७ | १९१७६८०६ | ३४८८१९८७ | २३५१७४६० | २२१०२६३९ | ४२६८७२१२ | ३७१६८७७८ | ३८ | ९४ | ८७ | ७ |
| | घरजग्गा बहाल कर | ३२०९५८० | ३९४२२१ | १३०११३८ | ४०९१०० | ४५३८११ | १३७०६३८ | १५०१४१० | ४७ | १११ | ११० | १५ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ब्याज कर | ८११४२२६ | २९०८०१ | २९६४३४८ | ३८५५६४ | ३३१४६२ | ३९५८७३१ | ३४७१७११ | ४२ | ८६ | ८८ | १७ |
| ७ | रजिष्ट्रेषन दस्तुर | १२०११००० | १६५०२०५ | ४६२५१११ | २१३४६६६ | ३२८७७६ | ५९८२९३४ | ३४७४८५० | २९ | १५ | ५८ | (२५ |
| ८ | सवारी साधन कर | ६४५०००० | ५१२२१८ | ३४३०९९१ | ५९२८१२ | ९००९१ | ३९७०८३६ | २४४८२९२ | ३८ | १५ | ६२ | (२९ |
| ९ | अन्य कर | ८००४२१७ | ४८७३८१० | ९४९८१९५ | ६६७०१८ | ८३०३९५ | ४००२१०८ | १४३१४८९ | १८ | १२४ | ३६ | (८५ |
| | जम्मा कर राजस्व | ४२७०११००१ | ४५९८६१०० | १७४४००३०० | ५१०९२१९४ | ४९८९९६५० | १९७२५३१३४ | १४८३६८६०० | ३५ | ९८ | ७५।२२ | (१५ |
| १० | जम्मा गैर कर राजस्व | ४८००१०९९ | २४२६००० | १६१२०३०० | २९११०३४ | २१३८१०० | १९३४३२५५ | १५९५९१०० | ३३ | ७३ | ८२।५० | (१ |
| | कूल राजस्व | ४७५०१२१०० | ४८४१२१०० | १९०५२०६०० | ५४००३२२८ | ५२०३७७५० | २१६५९६३८९ | १६४३२७७०० | ३५ | ९६ | ७६ | (१४ |

**भन्सार तर्फको मू अ कर असुलीमा फिर्ता रकम ११२३८९० हजार घटाएर प्रतिवेदन गरिएको**

| | |
|---|---|
| **मंसिर सम्मको** | |
| **लक्ष्यको तुलनामा कम असुली अङ्कमा** | -५२२६८६८९ |
| **गत आ.व भन्दा कम असुलि अङ्कमा** | -२६१९२९०० |

## ११. निकायगत उपलब्धिहरु

### ११.१ प्रशासन महाशाखा

- निजामती सेवा नियमावली, २०५० बमोजिम तोकिएको क्यालेण्डर एवं सरुवा निर्देशिका अनुसार विभिन्न पदहरुको सरुवा तथा पदस्थापन व्यवस्थापन गरिएको । सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त निर्देशन बमोजिम तीन महिनाभन्दा बढी अवधिको काज फिर्ता गरिएको ।
- विभिन्न पदहरुको आ.व. २०७१/०७२ को का.स.मू. को कार्य सम्पन्न गरी सम्बन्धित निकायहरुमा पठाइएको । राजपत्रांकित तहका अधिकृतहरुको आ.व. २०७२/०७३ को अर्धवार्षिक कार्यसम्पादन मूल्यांकन फाराम संकलन गरिएको ।
- विगुल सञ्चालनार्थ सफ्टवेयर खरिदका लागि सम्झौता गरिएको । साथै सार्वजनिक ऋण व्यवस्थापन महाशाखाको सफ्टवेयर खरिदका लागि ग्लोबल टेण्डरको फाराम बिक्री प्रारम्भ गरिएको ।
- सी लिंक ट्राभल्स एण्ड टुर्स एण्ड ट्राभल्ससँग हवाइ टिकट खरिद मोटरपार्टस खरिदका लागि श्री अग्रिम इण्टरप्राइजेज/युनिभर्सल ट्रेड एण्ड सप्लायर्स जे.भी. लगायत अन्य वस्तु तथा सेवा खरिदका लागि सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिमका प्रक्रियाहरु अवलम्बन गरी आ.व.२०७२/०७३ का आपूर्ति गर्न आवश्यक व्यवस्था मिलाईएको ।
- आ.व. २०७१/०७२ को सम्पत्ति विवरण संकलन गरी सम्बन्धित निकायमा पठाइएको ।
- मन्त्रालयको ऋण व्यवस्थापन महाशाखाको संगठन तथा व्यवस्थापन सर्भेक्षण कार्य अन्तिम चरणमा रहेको ।
- यस मन्त्रालय वा अन्तरगत विभागहरुको विभिन्न रिक्त पदहरुको पूर्ति गर्नका लागि लोकसेवा आयोगमा माग आकृति फाराम भरी माग गरिएको एवं आन्तरिक राजस्व कार्यालय भद्रपुर, दाङ्ग र महेन्द्रनगरको खरिदारबाट सुब्बामा रुपान्तरण भएको नायव सुब्बाको दरबन्दीको पद दर्ताका लागि निजामती किताबखानामा पठाइएको ।
- मन्त्रालयको भवनमा पर्याप्त स्थानको अभावलाई परिपूर्ति गर्न संस्थान समन्वय महाशाखा एवं वित्तिय संस्था व्यवस्थापन महाशाखालाई नयाँ संरचना प्रिफेव निर्माण गरी स्थानान्तर गर्न आवश्यक प्रकृया अगाडि बढाइएको ।
- AID MANAGEMENT PLATFORM विषयको तीनदिने तालिम राजस्व प्रशासन तालिम केन्द्रमा सञ्चालनका लागि प्रशिक्षार्थी मनोनयन गरी सहभागी गराइएको।राजस्व समूहका रा.प.तृतीय श्रेणीका अधिकृतहरुको सेवाकालीन तालिममा २६ जना प्रशिक्षार्थी मनोनयन गरी पठाइएको ।
- मन्त्रालयका विविध गतिविधिहलाई यथाशीघ्र मन्त्रालयको वेभपेजमा राख्ने व्यवस्था मिलाई पारदर्शी कार्यलाई उच्च प्राथमिकता दिइएको ।
- आर्थिक प्रशासन सम्बन्धी सफ्टवेयरमा आर्थिक प्रशासनका आम्दानी एव खर्च विवरणलाई प्रविष्टि गरी वित्तीय अनुशासन तथा कुशलतालाई प्रवर्द्धन गरिएको।

- चालु आ.व. मा रु.६,३९,७८,४३ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेकोमा हालसम्म रु.६५,७०,९० हजार फछ्र्यौट भै १०.२७ प्रतिशत प्रगति हासिल भएको । साथै बाँकी बेरुजू रकम फछ्र्यौटका लागि तदारुकताकासाथ कार्य भैरहेको ।

## ११.२ राजस्व व्यवस्थापन महाशाखा

- केन्द्रीय राजस्व बोर्डको गठन सम्बन्धी कानूनको मस्यौदाको बारेमा सैद्धान्तिक अवधारणा-पत्र मा. अर्थमन्त्रीज्यूबाट स्वीकृत भइ प्रकृया अगाडी बढेको ।
- राजस्व सम्वन्धि ऐनहरुको अद्यावधिक गर्ने र एकिकृत कर संहिता (Tax code) तयार गर्ने सम्बन्धी सैद्धान्तिक अवधारणा-पत्र मा. अर्थ मन्त्रीज्यूबाट स्वीकृत भइ श्रोत व्यवस्थापनका लागि समन्वय भैरहेको
- कर प्रणाली पुनरावलोकन आयोगले दिएका सुझावहरु कार्यान्वयनका लागि कार्यान्वयन योजना बनाउन आन्तरिक राजस्व विभाग, भन्सार विभाग र राजस्व अनुसन्धान विभागको प्रतिनिधि सम्मिलित कार्यटोली गठन भइ टोली कार्यरत रहेको ।
- सूचना प्रणाली एकिकरणका लागि अध्ययन गर्न विज्ञ समेतको संलग्नतामा टोली गठन भइ टोलीले अध्ययनका क्रममा प्रारम्भिक चरणको प्रस्तुतिकरण गरिसकेको ।
- राजस्व छुटका निर्णयहरु विद्युतिय माध्यमबाट सार्वजनिक गर्ने सफ्टवेयर निर्माण भैरहेको र सो क्रममा प्रारम्भिक चरणको प्रस्तुतिकरण गरिसकेको ।
- विभागहरुको अनुगमन तथा मूल्यांकन सूचकहरुको मस्यौदा तयार गर्ने काम भैरहेको।
- कम्प्यूटर प्रणालीका सम्भाव्य जोखिमहरुको न्यूनीकरण गर्ने र कर सम्बन्धी सूचनाहरुको संरक्षण गर्ने उद्देश्यले ( Data Recovery Center) सञ्चालनमा ल्याइएको ।
- KYT को माध्यमबाट करदाताहरुको e-mail अध्यावधिक गर्ने कार्य थालनी गरिएको तथा विवरण अध्यावधिक भएका करदाताहरुको सम्बन्दमा e-mail मार्फत सुचना सम्प्रेषण गर्ने कार्य भैरहेको।

## ११.३ आर्थिक नीति विश्लेषण महाशाखाः

- सार्वजनिक निजी साझेदारी (PPP) नीति, २०७२ मन्त्रिपरिषदवाट स्वीकृत भई कार्यान्वयनमा आएको ।
- PPP अन्तर्गत नमूना आयोजना छनौटका क्रममा रुपन्देहीको बुटवलमा अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्र निर्माणका लागि सम्भाव्यता अध्ययन कार्य अगाडी बढाईएको ।
- सार्वजनिक निजी साझेदारी ऐन तर्जुमाको क्रममा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट सहमति प्राप्त भई विधेयक तयार पार्न सैद्धान्तिक सहमतिका लागि मन्त्रिपरिषदमा पेश गरिएको ।
- देहायका नीतिहरुमा सुधारका लागि यस महाशाखाबाट राय/सुझाव दिईएको ।

  - राष्ट्रिय सञ्चार तथा सूचना प्रविधि नीति
  - कम्पनी ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक २०७१

- बृहत आर्थिक परिसूचकहरु ( Macro economic Indicators ) लाई वेभ साइटमा अध्यावधिक गर्दै लगिएको र आर्थिक परिसूचकहरुको मासिक रुपमा विश्लेषण गरिएको ।

- समसामयिक आर्थिक गतिविधि तथा हाल देखिएको असहज आपूर्ति अवस्था बारे मन्त्रालयगत तथा अन्य क्षेत्रगत निकायहरुसँग २ पटक अन्तर्क्रिया तथा छलफल कार्यक्रम सम्पन्न भै सो सम्वन्धमा प्रारम्भिक प्रतिवेदन तयार गरिएको ।
- विभिन्न आठ वटा सार्वजनिक संस्थानहरु रु ५९ करोड ९६ लाख ९०  हजार ६ सय ४७ बरावरको ऋण तमसुक सम्पन्न गरिएको ।

## ११.४ अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाः

- <u>**नेपाल Portfolio Performance meeting सम्पन्न**</u>

सहायतामा संचालित आयोजनाहरुको कार्यान्वयनको वर्तमान अवस्थाको समीक्षा र भावी कार्यदिशाको पहिचान गर्ने प्रमुख उद्देश्यका साथ २०१५ सेप्टेम्बर ११ मा Nepal Portfolio Performance Review (NPPR) को बैठक काठमाण्डौंमा सम्पन्न भयो । सरकारले यस बर्षलाई "बजेट कार्यान्वयन बर्ष" को रुपमा घोषणा गरेको पृष्ठभूमीमा वैदेशिक सहायतामा संचालित आयोजनाहरुको कार्यान्वयनलाई थप जोड दिन यस बैठकले महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो । वैदेशिक सहायता रकमलाई नतिजा उन्मूख हिसावले प्रभावकारी रुपमा परिचालन गर्ने सरकारी प्रयास स्वरुप हरेक वर्ष अर्थ मन्त्रालयले यस किसिमका वैठकहरु आयोजना गर्ने गरेको छ । माननीय अर्थमन्त्रीको उपस्थितीमा सम्पन्न उक्त बैठकमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, अर्थ सचिव, अर्थ मन्त्रालय तथा अन्य क्षेत्रगत मन्त्रालयका सहसचिवहरु, विकास साझेदार संगठनका प्रमुख तथा प्रतिनिधिहरु लगायतको उपस्थिति रहेको थियो । बैठकमा कृषि, उर्जा, शिक्षा, स्थानिय विकास र यातायातलाई मुख्य क्षेत्रको रुपमा छनौट गरी ती क्षेत्रको सार्वजनिक बित्तिय व्यवस्थापन, खरिद, मानव संसाधन व्यवस्थापन, विकास नतिजाको लागि व्यवस्थापन र सामूहिक उत्तरदायित्व विषयमा प्रस्तुतिकरण सम्पन्न भएको थियो । अन्त्यमा बैठकले २०१५।१६ को लागि नतिजा निकाल्न सकिने (Result Achievable) कार्ययोजना पारित गरेको थियो ।

- <u>**विश्व बैक र अन्तर्राष्ट्रिय मुद्रा कोषको बार्षिक बैठक सम्पन्न**</u>

सन २०१५ को विश्व बैकका समूह र अन्तर्राष्ट्रिय मुद्रा कोषको संयुक्त बार्षिक बैठक अक्टुबर ९–११, २०१५ मा पेरुको राजधानी लिमामा सम्पन्न भयो । विश्वका १८८ वटा देशका प्रतिनिधिहरुको उपस्थिती रहेको उक्त बैठकमा बैकल्पिक गर्भनरको हैसियतले अर्थ सचिब सुमन प्रसाद शर्माले नेपाल प्रतिनिधि मण्डलको नेतृत्व गर्नु भएको थियो । बैठकमा मन्तव्य दिदै अर्थ सचिव सुमन प्रसाद शर्माले नेपाली आफैले बनाएको प्रगतिशिल संविधान सेप्टेम्बर २० मा जारी भएको र धर्म निरपेक्षता, समावेशी संसदीय प्रजातन्त्र र स्वतन्त्र न्यायपालिका सहित नेपाल पूर्ण संघिय संरचनामा रुपान्तरण भएको जानकारी दिनु भयो । साथै विश्व बैकले नेपालमा देखिएको उर्जा संकट समाधान गर्न उर्जा क्षेत्रमा देखाएको लगानी अभिरुचिको सराहना गर्नु भएको थियो । उक्त बैठकका अलावा दक्षिण पूर्वी एसियाली भोटिङ समूहको Staff Rotation Scheme को वैठकमा सहसचिव मधुकुमार मरासिनीले र Vulnerable 20 Group (V-20) को बैठकमा उपसचिव नारायण ढकालले सहभागिता जनाउनु भएको थियो । उक्त बैठकमा विश्व बैकका उच्च व्यक्तित्वहरुसंग द्विपक्षिय छलफल समेत भएको थियो ।

- **<u>संविधान जारीको विषयमा जानकारी दिन दाता बैठक सम्पन्न</u>**

अर्थ मन्त्रालयमा सेप्टेम्बर २४, २०१५ मा भर्खर जारी भएको नयाँ संविधानको जानकारी दिन विशेष दाता बैठक सम्पन्न भयो । बैठकमा माननीय अर्थ मन्त्री श्री रामशरण महतले संविधानको मुख्य विशेषताहरुको जानकारी दिनुभएको थियो । माननीय अर्थमन्त्रीले धर्मनिरपेक्षता, समावेशी, संघिय संरचना युक्त संविधान जारी भएको जानकारी दिदै यसको कार्यान्वयनलाई थप प्रभावकारी वनाइने जानकारी दिनु भएको थियो ।

- **<u>नेपाल र चीन सरकार बीच द्धिपक्षिय बैठक सम्पन्न</u>**

नेपाल सरकार तथा जनवादी गणतन्त्र चीन सरकार बीच जुलाई २३, २०१५ मा अर्थ मन्त्रालयमा द्धिपक्षिय बैठक सम्पन्न भयो । नेपालको विपत पश्चातको पुनर्निर्माणको योजनासंग सम्बन्धित उक्त बैठकमा अर्थ सचिव श्री सुमन प्रसाद शर्माको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डल तथा चीन सरकारको तर्फबाट त्यहाँको बाणिज्य मन्त्रालयका Deputy China Internation Trade Representative महामहीम Zhang Xiangche को नेतृत्वको प्रतिनिधिमण्डल सहभागी रहेको थियो ।

सो बैठकमा मूलत नेपालमा भूकंम्प पश्चातको पुनर्निर्माण कार्यान्वयन गर्न चीन सरकारद्धारा २५ जुन २०१५ मा भएको नेपालको पुनर्निर्माण सम्बन्धि अन्तर्राष्ट्रिय सम्मेलनमा घोषणा गरे अनुरुप चिनीया अनुदान सहायता (२०१६-२०१८) सम्बन्धमा छलफल गरियो । साथै दुवै पक्षले २५ अप्रिलमा आएको बिनासकारी भुकम्प पश्चात चीनको आकस्मिक राहत सहायता तथा द्धिपक्षिय ब्यापार र आर्थिक सहायताको पुनरावलोकन पनि गरियो । सो बैठकमा विपत पश्चातको पुनर्निर्माणको योजनाको MOU मा हस्ताक्षर सहित US$ 10 million नगद सहायता साथै बि.पी. कोइराला क्यान्सर अस्पतालको लागी स्वास्थ्य सामाग्री हस्तान्तरणको पत्र पनि आदान प्रदान गरियो ।

- **<u>सार्क अर्थमन्त्री तथा अर्थ सचिवहरुको सातौं वैठक सम्पन्न</u>**

सार्क सदश्य राष्ट्रहरुका विचमा आपसी आर्थिक सहयोग अभिबृद्धि गर्ने, दक्षिण एशियाली क्षेत्रको समसामयीक आर्थिक तथा वित्तीय सहयोगको अवस्थाको समिक्षा गर्ने, छैठौं सार्क अर्थमन्त्री तथा अर्थ सचिवहरुको वैठकबाट सिफारिस गरिएका विषयको कार्यान्वयनको प्रगति समिक्षा गर्ने, सार्क सदश्य राष्ट्रहरु विच अधिकतम पूंजी प्रवाह र क्षेत्रीय तहमा दीर्घकालीन लगानी बढाउने, सदश्य राष्ट्रहरु बीच स्थानीय मुद्रामा व्यापारिक कारोबार गर्ने विषयमा मुद्रा सट्टेवाजी प्रबन्ध (Currency Swap Arrangement) मा छलफल गर्ने, सार्क विकास कोष सुढ्ढदिकरण गरी सामाजिक, आर्थिक तथा पूर्वाधारसंग सम्बन्धित क्षेत्रमा उपयोग गर्ने र सार्क लगानी प्रवर्द्धन तथा लगानीको सुरक्षा सम्बन्धि विषयहरुमा छलफल गरी निर्णय लिन १९-२० अगस्त २०१५ तदनुसार २०७२ साल भाद्र २-३ गते सार्क अर्थमन्त्री तथा अर्थ सचिवहरुकोसातौं वैठक काठमाण्डौंमा सम्पन्न भयो ।

- **<u>सार्क विकास कोषको बैठक सम्पन्नः</u>**

सार्क विकास कोषको सुदृढिकरण गरी सामाजिक, आर्थिक तथा पूर्वाधारसंग सम्बन्धित क्षेत्रमा उपयोग गर्ने र सार्क लगानी प्रवर्द्धन तथा लगानीको सुरक्षा सम्बन्धि विषयहरुमा छलफल गरी निर्णय लिन १९-२० अगस्त २०१५ तदनुसार २०७२ साल भाद्र २-३ गते सार्क विकास कोषको बैठक सम्पन्न भयो ।

- **Line of Credit को संयुक्त प्रगति पुनरावलोकन बैठक सम्पन्न**

